नेपाली ネパール語

Nepalese

# शान्तिको बिउ

## -कुनिहिकोको कथा-

Narrator: Kunihiko Iida Illustrator: Rieko Doi



मेरो नाम कुनिहिको लिडा हो । म जापानिज हुँ तर मेरो जन्म चीनको उत्तरपूर्वी मन्चुरीया भन्ने स्थानमा सन् १९४२ मा भएको हो । म सानो छदाँ बुवा, आमा र दिदी संग खुशी भएर बसेको थिएँ ।



तर मेरो बुबा युद्दमा जानुभयो र बित्नुभयो ।......त्यसैले पछि हामी आमाको घर हिरोशिमा जाने निर्णय गर्यौं । हामी धेरै लामो बाटो हिड्यौं ।जब हामी बन्दरगाहमा पुग्यौं, हामीसंग खान र पिउनको लागि केही पनि बाकीं थिएन । हामी पानीजहाज चढेर हिरेशिमा पुग्यौं ।





सन् १९४५ अगस्त ६ गते बिहान ८:१५ बजे हिरोशिमामा परमाणु बम खस्यो । बम विष्फोट हुदाँ म हावामा उछिट्टिएर बजारिएँ । “P]या, मलाई बचाउनुहोस !”

परमाणु बम विष्फोटमा परेर मेरो आमा र दिदी बित्नुभयो । म त्यतिबेला तीन वर्षको मात्रै थिएँ । रेडिएशनको कारणले म बिरामी भएँ । मेरो शरीरका विभिन्न भाग नराम्रो संग जलेको थियो ।





मेरो हजुरआमाले मलाई हेरविचार गर्नुभयो । म बस्न सक्दैनथैं । मेरो हजुरआमा पनि लगतै बित्नुभयो । यो संसारमा म एक्लो भएँ....



मेरो अकंल युद्द बाट फर्कनुभयो ।

म प्राईमरी स्कुल जान थालें । एकदिन अकंलले स्कुलको झोला ल्याईदिनुभयो । म असाध्यै खुशी भएँ ।





बिरामीको कारणले गर्दा प्राय स्कुल जान सक्ने थिईन, त्यसैले पढाएका विषयहरु बुझ्न सकिन । म स्कुल जान धक मान्थें किनभने मेरो शरिरमा जलेका खतहरु थिए । तर पनि स्कुल गएर पढ्न चाहन्थें ।



म तेह्र बर्षको थिएँ । एक दिन मैले सरसफाईको क्रियाकलापमा भाग लिदाँ शिक्षक फुकुहाराले मेरो प्रशंशा गर्नुभयो ।"मिष्टर लिडा, तिमीले साह्रै मेहनेत गरेका छौ ।"

मेरो जीवनमा कसैले प्रशशां गरेको यो नै पहिलो पटक थियो ! म यति धेरै खुशी भएँ मानौं मेरो दिलभित्रबाट उज्यालो चमक आईरहेको छ ।



मेरो शिक्षक मिष्टर फुकुहाराको प्रशशांबाट उत्साहित भएर मैले अझ बढी मेहनेत गर्ने निर्णय गरें । म हरेक दिन पढ्न थालें । अन्तिममा म स्कुलको सबैभन्दा राम्रो विददयार्थी भएँ ।





डाक्टर कुनिहिको लिडा अहिले ७५ वर्षको हुनुहुन्छ (२०१७ मा) । उहाँ आफ्नै परिवारसंग बस्नु हुन्छ । शिक्षक फुकुहारा प्रति अति नै खुशी हुनुहुन्छ ।
डाक्टर लिडाले आणविक बमको अनुभव बारेमा हिरोशिमा शान्ति पार्कमा बालबालिका संग कुरा गर्नुहुन्छ । हामी सबैको मनभित्र शान्तिको बीउ टुसाउनेछ भन्नेमा उहाँ आशावादी हुनुहुन्छ ।

HiroshimaNihongo@yahoo.co.jp
**Japanese Language Teachers for Peace**
©2017 平和の大切さを伝える日本語教材をつくる会

HEIWA
LIBRARY
JAPAN • PHILIPPINES • HAWAII

heiwalibrary.com
Copyright ©2021, Heiwa Library
All rights reserved. No parts of this book may be reproduced or used in a manner without the prior written permission of the copyright owner.